राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/०८/२९ गते

विषयः कार्यणलिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/०८/२७ गते

प्रस्तावहरुः

१. कार्यविधि निर्माण सम्बन्धमा ।
२. आ.ई.ई. रिपोर्ट सम्बन्धमा ।
३. एम्बुलेन्स खर्च सम्बन्धमा।
४. विविध।

निर्णय हुनु पर्ने व्यहोराः

१. राजपुर गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माणका लागि सैद्धान्तिक सहमति प्रदान गर्नु पर्ने।
२. राजपुर गाउँपालिका अन्तरगत रासी नदी, मुङ्ग्रेठा र झुर्रा खोलाहरुको तपसिलका घाटहरुबाट नदीजन्य पदार्थहरुको दिगो सङ्कलन/उत्खनन् कार्यको Bhalta Consultant and Research Pvt. Ltd. कैलालीबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (आ.ई.ई रिपोर्ट) स्वीकृत गर्नु पर्ने ।

| क्र.स. | खोला/नदिको नाम | घाटको नाम | वार्षिक उत्खनन आयतन (घ.मि.) | कै. |
|---|---|---|---|---|
| १ | रासी नदी | असानी घाट | १६२५० | |
| २ | रासी नदी | खरदरिया घाट | १८००० | |
| ३ | रासी नदी | मटेरिया घाट | १६८०० | |
| ४ | रासी नदी | गहिरा घाट | ११२५० | |
| ५ | मुङ्ग्रेठा खोला | मुङ्ग्रेठा खोला घाट | ६४०० | |
| ६ | झुर्रा खोला | झुर्रा खोला घाट | ४५०० | |

३. यस गाउँपालिकाको वडा नं. १ को च.नं. ४२४ मिति २०८२/७/२७ गतेको सिफारिस तथा बेला स्वास्थ्य चौकीको च.नं. १४ मिति २०८२/७/२८ को जानकारी सम्बन्धमा राजपुर गाउँपालिका वडा नं. १ कठबेरुवा बस्ने निमा देवी थापाको बुहारी माया थापाको मिति २०८२ भाद्र ४ गते बेला स्वास्थ्य चौकीमा सुत्केरी सेवा लिन आएको आवस्थामा अधिक रक्तश्राप भई थप उपचारको लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही, भैरहवा र त्यहाँबाट पनि रिफर गरि काठमाण्डौं पठाइएको हुँदा उक्त रिफर समयमा प्रयोग भएको एम्बुलेन्स खर्च रकम भुक्तानी दिनु पर्ने ।

४. अन्य निर्णयहरु

निर्णयहरुः

१. राजपुर गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माणका लागि सैद्धान्तिक सहमति प्रदान गर्ने।

२. राजपुर गाउँपालिका अन्तरगत राप्ती नदी, मुङ्ग्रेठा र झुर्रा खोलाहरुको तपसिलका घाटहरुबाट नदीजन्य पदार्थहरुको दिगो सङ्कलन/उत्खनन् कार्यको Bhalta Consultant and Research Pvt. Ltd. कैलालीबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (आ.ई.ई रिपोर्ट) स्वीकृत गर्ने ।

| क्र.स. | खोला/नदिको नाम | घाटको नाम | वार्षिक उत्खनन आयतन (घ.मि.) | कै. |
|---|---|---|---|---|
| १ | राप्ती नदी | असानी घाट | १६२५० | |
| २ | राप्ती नदी | खरदरिया घाट | १८००० | |
| ३ | राप्ती नदी | मटेरिया घाट | १६८०० | |
| ४ | राप्ती नदी | गहिरा घाट | ११२५० | |
| ५ | मुङ्ग्रेठा खोला | मुङ्ग्रेठा खोला घाट | ६४०० | |
| ६ | झुर्रा खोला | झुर्रा खोला घाट | ४५०० | |

३. यस गाउँपालिकाको वडा नं. १ को च.नं. ४२४ मिति २०८२/७/२७ गतेको सिफारिस तथा बेला स्वास्थ्य चौकीको च.नं. १४ मिति २०८२/७/२८ को जानकारी सम्बन्धमा राजपुर गाउँपालिका वडा नं. १ कठबेरुवा बस्ने निमा देवी थापाको बुहारी माया थापाको मिति २०८२ भाद्र ४ गते बेला स्वास्थ्य चौकीमा सुत्केरी सेवा लिन आएको आवस्थामा अधिक रक्तश्राप भई थप उपचारको लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही रिफर गरिएको, त्यहाँबाट भैरहवा रिफर गरिएको र त्यहाँबाट समेत काठमाण्डौं रिफर गरि पठाइएको हुँदा उक्त रिफर समयमा प्रयोग भएको एम्बुलेन्स खर्च रकम भुक्तानी दिने ।

४. विविध

क) राजपुर गाउँपालिका वडा नं. २ को च.नं. २२२ मिति २०८२/७/२६ गतेको सिफारिस अनुसार जनसेवा यूवा कल्व राजपुर गाउँपालिका-२ को आयोजना र गाउँपालिकाको आर्थिक सहयोगमा मिति २०८२/७/३ गतेदेखि ८ गतेसम्म वडा नं. २ बेलामा संचालित गाउँपालिका स्तरीय तिहार विशेष खेलकुद प्रतियोगिताको खर्च भुक्तानीका लागि वडा कार्यालयको मिति २९८२/६/२८ गतेको निर्णय अनुसार आ.व. २०८२/०८३ का लागि स्वीकृत राजपुर गाउँपालिका वडा नं. २ को विविध कार्यक्रम शिर्षकबाट रु ५०,०००/- खेलकुद समितिका अध्यक्ष सुदन चौधरीलाई भुक्तानी दिने ।

ख) राजपुर गाउँपालिका २ नं. वडा कार्यालयको च.नं. २६८ मिति २०८२/७/१२ गतेको विपद कार्यको खर्च भुक्तानी सम्बन्धमा वडास्तरीय विपद् व्यवस्थापन समितिबाट समेत निर्णय भइ आएको हुँदा वडा नं. २ को गहिरा देखि रासी पुल हुदै लमही नगरपालिका वडा नं. ७ हसनापुर जोड्ने बाटो लगायत वडा नं. २ का विभिन्न स्थानका बाटोमा खाल्डा भइ दुर्घटनाको जोखिम हुनुका साथै आवतजावतमा समेत समस्या भएकाले उक्त बाटोहरु सफाई तथा मर्मत कार्यको खर्च प्राविधिक मुल्याङ्कनको आधारमा वडास्तरीय विपद व्यवस्थापन शिर्षकबाट अम्मर यादवलाई भुक्तानी दिने ।